स्थानीय सरकार

# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

स्थानीय सरकार रामग्राम नगरपालिका नगर कार्यपालिकाको कार्यालय परासी, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल

मिति : २०८२/०२/०६

**विषयः- नदीजन्य पदार्थ (भस्कट) लिलाम बिक्री सम्बन्धी पुनः १५ दिने सूचना ।**

यस रामग्राम नगरपालिकाको तपसिलको स्थानमा घाटगद्दी गरी राखिएको नदीजन्य पदार्थ (भस्कट) जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गर्ने यस नगर कार्यपालिकाको मिति २०८१/०२/२५ गतेको निर्णय बमोजिम लिलाम बढाबढ गर्ने प्रयोजनका लागि पुनः यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क.सं. | ठेक्का नं. | क्षेत्र | विवरण | | न्यूनतम अंक (भ्याट बाहेक) रु. | लिलाम बिक्री फारम दस्तुर रु. | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| | | | परिमाण घ.फि. | दर प्रति घ.फि.रु. | | | |
| २ | 8/RAM/REV/ 2081-082 | सण्डा पुलको उत्तर पुर्व रामग्राम-१ | १७५१२९.९२ | ५.६३९ | ९,८७,५५७.६२ | १०००।- | कबोल अंकको ५ प्रतिशत |

**शर्तहरु :**

१) लिलाम बढाबढको सिलबन्दी दरभाउपत्रको फारम यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र कार्यालयको राजश्व शाखामा रु.१०००।- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । यसका लागि आ.व. ०८१/०८२ को नविकरण भएको फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. ०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी निवेदन दिनुपर्ने छ ।

२) न्यूनतम अंक माथि उल्लेख गरिए बमोजिम हुनेछ । उक्त अंकमा अग्रिम आयकर र मूल्य अभिवृद्धि कर समावेश गरिएको छैन ।

३) कबोल रकम र धरौटी रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

४) सिलबन्दी दरभाउपत्र साथ आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम राष्ट्रिय वाणिज्य बैंक परासी शाखामा यस कार्यालयको नाममा रहेको धरौटी खाता नं. ३१००१००३०३००००२ ग-३ मा जम्मा गरेको सक्कलै भौचर संलग्न गरी पेश गर्नुपर्ने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

५) यो सूचना प्रकाशित भएको मितिले १५औं दिन कार्यालय समय भित्र यस कार्यालयमा दरभाउपत्र खरिद गरी सक्नु पर्नेछ र सूचना प्रकाशित भएको मितिले १६औं दिन अपरान्ह १२:०० बजे भित्र यस कार्यालयमा सिलबन्दी फारम बुझाउनु पर्नेछ । सोही दिन बेलुका ५:०० बजे सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधीको उपस्थितिमा दरभाउपत्र खोलिने छ । प्रतिनिधी उपस्थित नभए पनि नियमानुसार सोही समयमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६) दरभाउ पत्र दर्ता मितिका दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट वा कार्यालय खुलेको दिन क्रमशः हुनेछ ।

७) कार्यालयबाट प्रमाणित नभएको र रीत नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिईने छैन ।

८) लिलाम ठेक्का सकार गर्ने फर्मले नदीजन्य पदार्थ उठाई सक्नुपर्ने समयावधि लगायतका अन्य शर्तहरु द्विपक्षीय सम्झौता बमोजिम हुनेछ ।

९) लिलाम ठेक्का सकार गरेपछि नदीजन्य पदार्थ उठाउनको लागि आवश्यक जनशक्ति, सवारी साधन, उपकरण लगायतको प्रबन्ध ठेकेदार स्वयंले गर्नुपर्ने छ ।

१०) लिलाम ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

११) लिलाम गर्ने नदीजन्य पदार्थ हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गर्नुपर्ने हुनाले लिलाम बढाबढमा सहभागी हुनेले सिलबन्दी दरभाउपत्र पेश गर्नु अघि आफुले सिलबन्दी दरभाउपत्र पेश गर्ने क्षेत्रको स्थलगत निरीक्षण गरी सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्ने छ । पछि परिमाण वा गुणस्तरको विषयमा कुनै प्रकारको वादविवाद गर्न वा मिनाहा छुटको दाबी गर्न पाईने छैन ।

१२) लिलाम ठेक्का कबोल गरेको रकम, सोको अग्रिम आयकर र मूल्य अभिवृद्धि कर वापतको रकम एकमुष्ट रुपमा बुझाउनु पर्नेछ । अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१३) अन्य जानकारीको लागि नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क नं. ९८५७०४५७१२ गर्न सकिन्छ ।

स्थानीय सरकार
रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

२०८२/०२/०६

नि. प्रमुख प्रशासकीय अधिकृत